# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १०        संख्याः २        मितिः २०८३/०३/०५

भाग — २

## देवघाट गाउँपालिकाको बालमैत्री आचार सहिंता, २०८३

## देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

## देवघाट गाउँपालिकाको बालमैत्री आचार सहिंता, २०८३

कार्यपालिकाबाट स्वीकृत भएको मितिः २०८३/०३/०५

प्रमाणीकरण र प्रकाशन मितिः २०८३/०३/०५

**प्रास्तावनाः** बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) प्रवर्द्धन गरी स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो । बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC), १९८९ को अवधारणा, नेपालको संविधानमा मौलिक हक अन्तर्गत बालबालिकाको हकको व्यवस्था, बालबालिका सम्बन्धी ऐन, २०७५, शिक्षा ऐन, २०२८, अनिवार्य निशुल्क शिक्षा ऐन, २०७५ लगायतका कानुनहरुले बालबालिकाको पक्षमा वकालत गरेका छन् ।बाल अधिकारको विषयलाई स्थानीय तहको समग्र कार्यपद्धति र प्रणालीमा अन्तरभूत गर्दै कार्यान्वयन गर्न आवश्यक छ । स्थानीय सरकारको नेतृत्वमा नेपाल सरकारद्वारा निर्दिष्ट गरेका सेवा सूचक र संस्थागत सूचक प्राप्तिका लागि आवश्यक आचार सहिंता तयार तथा कार्यान्वयन गरी बालमैत्री स्थानीय शासन प्रवर्द्धन घोषणा र निरन्तरताका लागि यस गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा कायम राख्न देवघाट गाउँपालिका, कार्यपालिकाको बैठकले यो आचार सहिंता तयार गरी लागू गरेको छ ।

**देवघाट गाउँपालिका कार्यालय तथा अन्य सम्बद्ध संस्था वा क्षेत्रबाट पालना गरिने आचार संहिता निम्नानुसार रहेका छन्ः**

**१. बालबालिकाको लागि आचारसंहिता :**

- विद्यालय उमरेका हामी सम्पूर्ण बालबालिका नियमित रुपमा विद्यालयको पोषाकमा विद्यालय जाने।
- विद्यालय हाताभित्र विद्यालयको नियम पालना गर्दै अनुशासित रहने ।
- स्थानीय स्तरमा रहेको बाल क्लवहरुमा सक्रिय सहभागिता जनाउँदै कसैलाई पनि भेदभाव नगर्ने ।
- विद्यालय र समुदायस्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागिता जनाई निर्धक्क रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने ।

- आफ्नो कर्तव्य प्रति सधै सचेत रहने।
- बाल विवाहका लागि कुनै पनि अवस्थामा मञ्जुरी नहुने र अन्यत्र हुन लागेमा पनि निरुत्साहित गर्ने ।
- हाम्रो आधारभूत आवश्यकताहरु खाना, आवास, स्वास्थ्य, शिक्षा, अवसर, माया, संरक्षण लगायतका बालअधिकारका बारेमा जानकारी राख्ने ।
- विपन्न, अपाङ्गता भएका साथीहरुलाई सहयोग गर्ने।
- आफूले नबुझेको र नजानेको कुरा शिक्षक तथा अभिभावकलाई सोध्ने ।
- आफूसँग सम्बन्धित पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुने।
- टोल, वस्तीमा हुन लागेका तथा भइरहेका बालविवाह, बाल यौन दुर्व्यवहार तथा बालश्रम जस्ता कुराहरुको जानकारी सम्बन्धित निकाय तथा अभिभावकलाई जानकारी दिने ।
- समय तालिका अनुसार पढ्ने, लेख्ने, खेल्ने सुन्ने र सञ्चार माध्यमको उचित प्रयोग गर्ने ।
- सुर्तिजन्य एवं मादक पदार्थको प्रयोग तथा खरिद बिक्री एवं दुर्व्यसनमा संलग्न नहुने।
- बाल अधिकार हनन भएको अवस्था देखेमा सम्बन्धित निकायमा खबर गर्ने।
- अपरिचित व्यक्तिको ललाई, फकाई तथा प्रलोभनमा नफस्ने।
- आफू आवद्ध रहेको वा आफूलाई बोलाएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय सहभागिता जनाउने ।
- बाल क्लव मार्फत बाल सहभागिता अभिवृद्धिमा पहल गर्ने।
- व्यक्तिगत सरसफाईमा ध्यान दिदै हात धुनुपर्ने अवस्था बुझ्ने र कार्यान्वयन गर्नेछौं ।
- यातायातका साधनमा जथाभावी नझुण्डिने, ट्राफिक नियमको पालना गर्ने ।
- अनुशासहीन कार्यमा सहभागी नहने र बाल दुर्व्यवहार, विभेद, श्रम शोषण विरुद्ध आवाज उठाउने ।
- बजारिया खाना भन्दा घरायसी खाना खाने ।

- वातावरणीय सरसफाईमा ध्यान दिने र दिसा पिसावको लागि शौचालय प्रयोग गर्ने।
- पोषिलो खानेकुरा खाने, भाइबहिनी र साथीहरुलाई पनि खानको लागि प्रेरित गर्ने ।
- ६ महिनासम्मका बालबालिकालाई आमाको दुधमात्र खुवाउनका लागि अभिभावकलाई सचेत गराउने ।
- आवश्यक परेको खण्डमा घर परिवारको अनुमति लिएर मात्र बाहिर निस्कने ।
- विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई अभियान लगायतका राष्ट्रिय तथा स्थानीय अभियानहरुमा बाल क्लव मार्फत सक्दो जनचेतना फैलाउने कार्यमा सहयोग गर्ने ।
- साना भाइबहिनीहरुलाई बाल विकास केन्द्रमा भर्ना गर्न अभिभावकहरुलाई प्रेरित गर्ने।
- आफू भन्दा ठुलालाई आदर र सानालाई माया गर्ने।

**२. अभिभावकका लागि आचारसंहिता :**

- विद्यालय उमेरका आफ्ना छोराछोरीलाई नियमित रुपमा विद्यालय पठाउने ।
- आफ्नो छोराछोरीलाई पाठ्य सामग्रीको व्यवस्था गर्ने।
- विद्यालयमा समयसमयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्ने ।
- बालबालिकालाई अनुशासित र योग्य बनाउन बाल क्लव तथा बालबालिकालाई प्रेरित गर्ने ।
- समुदाय र विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागी हुन बालबालिकालाई प्रेरित गर्ने।
- बाल विवाह, बाल यौन दुर्व्यवहार, बाल श्रम जस्ता कुराहरु निरुत्साहित गर्दै बालबालिकालाई सचेत गर्ने।

- विपन्न र अपाङ्गता भएका बालबालिकाको आवश्यकताको पहिचान गरी सहयोग पुर्याउन पहल गर्ने।
- आफ्नो घरमा कुनै पनि बालबालिकाको बालविवाह नगराउने ।
- पढ्ने, लेख्ने, खाने, सुत्ने, खेल्ने र सञ्चार माध्यमको प्रयोग गर्न समय तालिका बनाइदिने ।
- नियमित स्वास्थ्य परिक्षण गर्नुका साथै खोप लगाउने व्यवस्था मिलाउने।
- मादक पदार्थ तथा सूर्तीजन्य पदार्थको खरिद बिक्री एवं प्रयोगमा बालबालिकालाई संलग्न नगराउने ।
- बालबालिकाको अगाडि कम मात्र मोबाइलको प्रयोग गर्ने।
- अभिभावकसँग निर्धक्कसँग बालबालिकाले आफ्नो कुरा राख्न सक्ने वातावरण सिर्जना गर्ने ।
- कुलत तथा दुर्व्यवहारमा फस्न नदिनका साथै घरपरिवार तथा समुदायमा त्यस्तो अवस्थालाई निरुत्साहित गर्ने।
- अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउने।
- बाल क्लव तथा बालबालिकालाई आवद्ध भएको सामाजिक संघसंस्थाको कार्यक्रम तथा बैठकमा सहभागिताको लागि प्रेरित गर्ने ।
- सहज तथा बाल मैत्री धारा शौचालय तथा आवासको व्यवस्था गरिदिने।
- नियमित सरसफाई जस्तै नङ काट्ने कपाल कोर्ने ब्रस गर्ने साबुन पानीले हात धुने नुहाउने आदि कुराको ख्याल गर्ने।
- समयमा खाजा र सन्तुलित भोजनको व्यवस्था मिलाउने ।
- पोषणयुक्त खानेकुरा खाने व्यवस्था मिलाउने ।
- बालबालिकाको जन्मदर्ता समयमै बनाई समयमा विद्यालय भर्ना गर्ने।
- बालबालिकालाई डरत्रास तथा अनावश्यक रुपले नहप्काउने र असल संस्कार दिने ।

- बालबालिकालाई घरायसी आदर सम्मान सम्बन्धी बानीको विकास गराउने ।

**३. विद्यालयले पालना गर्नुपर्ने आचारसंहिता :**

- बालबालिकालाई धुम्रपान, मध्यपान र लागू पदार्थजन्य सामग्री प्रयोगमा निरुत्साहित गर्ने ।
- बालबालिका माथि गरिने हिंसा, दुर्व्यवहार, शोषण रोक्न सचेतना फैलाउने ।
- शिक्षक र विद्यालय व्यवस्थापन समितिको नीतिनियम गम्भीरताका साथ पालना गर्ने/गराउने ।
- बाल क्लवको आवश्यकता र महत्वबारे बुझाउने, बाल क्लव गठन र परिचालनमा सहयोग गर्ने ।
- बालबालिकाको विचार र भावनाको कदर गर्दै कुनै पनि प्रतिकुल व्यवहार नगर्ने ।
- बालबालिकाको सरोकार राख्ने विद्यालयका कार्यक्रममा अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने ।
- पूर्ण खोप र सुरक्षित मातृत्व सम्बन्धी बालबालिकामा सचेतना फैलाउने ।
- बालबालिकालाई हिंसा, दुर्व्यवहार जस्ता अमानवीय कार्यबाट बचाउन बाल संरक्षणको नीति अवलम्बन गर्ने ।
- जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्नुका साथै भौतिक संरचना बालमैत्री बनाउने ।
- अपाङ्गता भएका बालबालिकाहरुको विकास र सहभागितालाई ध्यान दिने ।
- विद्यालय हाता भित्र धुम्रपान, मद्यपान नगर्ने/नगराउने ।
- विद्यालयमा रहेका बालबालिका कुनै पनि प्रकारको जोखिममा रहेको थाहा पाए सम्बन्धित निकायमा जानकारी दिने ।

**४. विद्यालय व्यवस्थापन समितिको आचारसंहिता :**

- समितिको नियमित बैठक बस्ने र निर्णय कार्यान्वयन गर्ने ।

- बालबालिकाको शैक्षिक विकासका निम्ति विद्यालयको अल्पकालिन र दीर्घकालीन उद्देश्यहरु निर्धारण गर्ने ।
- विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन गर्ने ।
- नियमित रुपमा विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय क्रियाकलापहरुको अनुगमन निरीक्षण गर्ने ।
- प्रधानाध्यापक तथा शिक्षकहरुलाई आवश्यक सुझाव दिने ।
- विद्यालयमा आइपरेका समस्याहरु छलफलद्वारा समाधान गर्ने ।
- आवश्यक स्रोत जुटाउने, खर्च व्यवस्थापन गर्ने र लेखापरीक्षण गराई हिसाब पारदर्शी गर्ने ।
- आवश्यकता अनुसार शिक्षक, अभिभावक, सरकारी तथा गैरसरकारी संस्थाहरु र बाल क्लवसँग अन्तरक्रिया गर्ने ।
- विद्यायलयको भौतिक समुन्नतिको लागि विशेष पहल गर्ने ।
- बालबालिका तथा अभिभावकलाई बाल क्लव गठन गर्न प्रोत्साहन गर्ने ।
- धुम्रपान, मद्यपान तथा लागूऔषध सेवन गरेर विद्यालय प्रवेश नगर्ने ।
- विद्यालयमा शिक्षक, कर्मचारी तथा विद्यार्थीहरु माथि दुर्व्यवहार नगर्ने ।
- विद्यालयको गुणात्मक शैक्षिक विकासको लागि पहल गर्ने ।
- विद्यालयलाई बालमैत्री र भयरहित सिकाइको वातावरण बनाउन पहल गर्ने ।
- विद्यालयमा राजनीतिक, धार्मिक, साम्प्रदायिक वा कुनै किसिमको प्रभावलाई अन्त्य गरी विद्यालय शान्ति क्षेत्रको रुपमा विकास गर्ने ।

**५. राजनीतिक दल तथा निजी क्षेत्रको आचारसंहिता :**

- बालबालिकालाई कुनै प्रकारको र्‍याली, जुलुसमा संलग्न नगराउने ।
- बालबालिकालाई कुनै प्रकारको श्रमजन्य कार्यमा संलग्न नगराउने ।
- बालबालिका माथि कुनै प्रकारको हानि हुने कार्य नगर्ने ।
- बालबालिकालाई सूर्तीजन्य, नसालु र मादक पदार्थ बिक्रीवितरण नगर्ने ।
- बालबालिकालाई कुनै पनि राजनीतिक गतिविधिमा संलग्न नगराउने ।

**६ गाउँपालिकाको संस्थागत आचारसंहिता :**

- बालविवाह, लागू औषध, दुर्व्यसन, बालश्रम, शोषण, आत्महत्या, बालहिंसा न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम गर्ने ।
- धुम्रपान र मद्यपानको खरिद बिक्री र प्रयोगमा कानुनले निषेधित गरेका क्षेत्रको अनुगमन गरी कानुनको पालना गराउने ।
- पाँच वर्ष मुनिका सबै बालबालिकाको अनिवार्य रुपमा जन्मदर्ता गराउने ।
- विद्यालय उमेर समूहका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयको पहुँचमा ल्याउने ।
- सार्वजनिक स्थानमा बालमैत्री शौचालय, शुद्ध पिउने पानीको उचित व्यवस्थापन गर्ने ।
- गाउँपालिका अन्तर्गत बाल सरोकार भएका क्षेत्रमा गठन गरिने विभिन्न समितिहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने ।
- बालबालिकाको हितमा काम गर्न गाउँपालिकामा छुट्टै बाल कोषको व्यवस्था गरी लगानी योजना बनाउने ।
- गाउँपालिकामा निर्माण हुने सम्पूर्ण संरचनाहरु बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिक मैत्री बनाउने ।
- बालमैत्री वडा तथा गाउँपालिका घोषणा तथा निरन्तरताको लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।
- बालबालिकालाई राजनीतिक दलका नारा, जुलुस, आमभेला लगायतका कार्यक्रममा सहभागी गराउने कार्यलाई निरुत्साहित गर्ने ।
- बालबालिकामा कुनै पनि प्रकारको भेदभावजन्य व्यवहार नगर्ने ।

आज्ञाले
प्रधुब्न कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत